# आलिताल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भीमदत्तपुर,डडेल्धुरा
## सुदुरपश्चिम प्रदेश, नेपाल

२०८०।१०।१
नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

### नदीजन्य पदार्थको बिक्री शुल्क संकलनका लागि बोलपत्र आह्वान सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मितिः २०८०/०९/१८

दोस्रो पटक प्रकाशित मितिः २०८०/१०/०९

यस आलिताल गाउँपालिकाको कार्यालय भिमदत्तपुर, डडेल्धुराबाट आ.व.२०८०/८१ का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) र आलिताल गाउँपालिकाको आर्थिक ऐन, २०८० को दफा १५, अनुसूची १४ को व्यवस्था बमोजिम र आलिताल गाउँ कार्यपालिकाको बैठकको मिति २०८०/०९/११ गतेको निर्णय अनुसार लगाउन सकिने देहाय बमोजिमको नदीखोलाहरुको बिक्री शुल्क (रोयल्टी) ठेक्कालिन इच्छुक फर्म वा कम्पनीहरुलाई तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| बोलपत्र नं. | नदीखोलाको बिवरण | न्युनतम ठेक्का अंक रु (मु.अ.कर बाहेक) | संकलन/उत्खनन गर्नुपर्ने परिमाण (घन मिटर) | टेण्डर फाराम दस्तुर |
|---|---|---|---|---|
| IR ALTRM/०१/२०८०/८१ | आलिताल गाउँपालिका भएर बग्ने सुन खोला | ३८,१५,५८९.३९ | २७,०११.११ | ३,००० |
| IR ALTRM/०२/२०८०/८१ | आलिताल गाउँपालिका भएर बग्ने रंगुन खोला | २५,४५,७४१.१० | १८,०२१.६७ | ३,००० |
| IR ALTRM/०३/२०८०/८१ | आलिताल गाउँपालिका भएर बग्ने जुंगे खोला | १९,३२,७८९.९५ | १३,६८२.५० | १,००० |

**शर्तहरुः**

१. इच्छुक फर्म/कम्पनीहरुले फर्म/कम्पनीदर्ता प्रमाणपत्र, फर्म नवीकरण प्रमाणपत्र, मुल्यअभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र र फर्मको प्रोप्राइटर वा आधिकारीक प्रतिनिधिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु, कालो सूचीमा नपरेको स्वंय घोषणा पत्र, माथि उल्लेखित बोलपत्र (टेण्डर) फाराम दस्तुर बापत (फिर्ता नहुने गरी) यस कार्यालयको **नबिल बैङ्क लि.**आलिताल शाखामा रहेको आन्तरीक राजश्व खाता नं.०६८०१०१७५००४४९ मा नगद दाखीला गरेको सक्कल बैंक भौचर साथ निवेदन पेश गरी मिति २०८० माघ १६ गते **दिउसो १२.०० बजे** भित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

२. रीतपूर्वक दर्ता हुन आएका बोलपत्र मिति **२०८० माघ १६ गते दिउसो** १:०० बजे कार्यालयका प्रतिनिधि, बोलपत्रदाता वा निजले तोकेको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजले तोकेको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभए पनि कार्यालयका प्रतिनिधिहरुको रोहबरमा बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खोलीने दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

३. ठेक्कालिने ईच्छुक फर्मले आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको **नबिल बैङ्क लि.**आलिताल शाखामा रहेको धरौटी खाता नं. ०६८०१०१७५००४५९ मा नगद दाखीला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैङ्क बाट इजाजत प्राप्त क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र खोल्ने दिन देखि १२० (एक सय बीस) दिनको म्याद सहित जारी गरिएको बोलपत्र जमानत पेश गर्नुपर्नेछ।

CS CamScanner

आलिताल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भिमदत्तपुर, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

नरेन्द्र सिंह ठगुन्ना
प्रमुख प्रशासकीय अधिकृत

४. बोलपत्रदाताले सिलबन्दी खामको बाहिर पट्टी ठेक्का नं., ठेक्काको बिवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्ने छ । बोलपत्र खरीदकर्ताले प्रत्येक ठेक्काको लागि छुट्टा छुट्टै बोलपत्र फाराम खरीद गरी, फर्म वा कम्पनीको छाप लगाइ छुट्टा छुट्टै दर्ता गर्नु पर्ने छ।

५. बोलपत्र फाराम भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट देखीने गरी लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ । दर्ता भएका सिलबन्दी बोलपत्र फिर्ता तथा संशोधन हुने छैन ।

६. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

७. यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको, म्याद नाघि आएको र रीत नपुगी वा कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुनेछैन। प्रचलित नियमानुसार कालोसूचीमा परेका व्यक्ति फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन । कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्ध गर्ने वा सूचना संसोधन गर्ने लगायतका सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छन्।

८. बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ३० (तीस) प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो तथा तेश्रो किस्ता वापत ७० (सत्तरी) प्रतिशतले हुने मू.अ.कर समेतको रकम नेपाल राष्ट्र बैंक बाट ईजाजत प्राप्त क वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८१ साल आषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ (तेह्र) प्रतिशत भ्याट रकम समेत सोही बमोजिम यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्र दाताले छुट्टै बुझाउनुपर्नेछ ।

९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, ढुङ्गा, गिट्टि, वालुवा उत्खनन् विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ र यसैको पहिलो संशोधन २०७९, आलिताल गाउँपालिकाको आर्थिक ऐन २०८०, यस गाउँपलिकाबाट जारी भएका कानुन, अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण र संक्षिप्त वातावरणीय अध्यन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।

१०. ठेक्कामा कुनै विवाद भएमा यस गाउँपालिकाको निर्णय अन्तिम हुनेछ । साथै बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्वन्धि फारममा उल्लेख गरिएको हुँदा सोहि पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

११. ठेकेदारले सम्झौता पत्रमा पट्टापुर्जी मा तोकीएका वस्तुहरुमा मात्र तोकीए बमोजिमको दरमा र तोकिएको स्थानमामात्र रोयल्टी संकलन गर्नुपर्ने छ। सो भन्दा फरक हुनेगरी शुल्क संकलन गरेमा नियमअनुसार कारवाही हुनेछ ।

१२. प्रचलीत नियमअनुसार कालो सूचिमा परेका र यस कार्यालयलाई बुझाउनु पर्ने बाकी बक्यौता भएका व्यक्ती, फर्म तथा कम्पनीहरुको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।

१३. ठेकेदारले **आलिताल गाउँपालिकाको** राजश्व संकल गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्ने छ र राजश्व संकलगर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलन कार्य गराउनुपर्ने छ ।

१४. ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल झिक्नु पर्ने घाटगद्धी स्थल सम्म जान आउन आवश्यक पर्ने बाटो बनाउने तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्ने छ र खर्च दावीगर्न पाइने छैन । ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, भरान लिन कुनै व्यक्ती वा निकायको निजि जग्गा वा वन क्षेत्र भित्र जानुपर्ने भएमा सम्वन्धीतको स्वीकृती लिने कार्य स्वयं ठेकेदारले नै गर्नुपर्नेछ।

१५. ठेकेदारले नदिजन्य पदार्थ संकलन,उत्खनन् हुने घाटगद्धी स्थल सम्वन्धीका खर्चहरु स्वयं आफैले वेहोर्नु पर्ने छ र रोयल्टि संकलन गर्ने दर **आलिताल गाउँपालिकाको** गाउँसभाबाट स्वीकृत आर्थिक ऐन २०८० को दफा १५, अनुसूची १४ मा तोकिएको दररेट प्रति घन फिट मु.अ.कर बाहेक रु. ४ **(अक्षेरेपी रु चार रुपैंया मात्र)** अर्थात प्रति घनमिटर मु.अ.कर बाहेक रु.१४१.२६ **(अक्षेरेपी रु एक सय एकचालीस रुपैंया छब्बीस पैसा मात्र)** हुने छ ।

१६. **ठेक्का अवधि ठेक्का स्वीकृत भै सम्झौता भएको मिति देखि २०८१ जेठ मसान्त सम्म** रहनेछ । ठेक्का अवधीमा बन्द हडताल लकडाउन आदीका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै किसिमको क्षतिपुर्ती दावीगर्न पाइने छैन । **IEE** तथा **BES** प्रतिवेदनले निषेध गरेको अवधी र स्थानमा नदी क्षेत्रबाट सामग्री उत्खनन गर्न पाइने छैन ।

१७. पक्कीपुल, सडक राजमार्ग, ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट **५०० मिटर** दूरी सम्म उत्खनन गर्न पाइने छैन ।

CamScanner

आलिताल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भिमदत्तपुर, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

नरेन्द्र सिंह धुन्ना
प्रमुख प्रशासकीय अधिकृत

खोला तथा नदीको घाटगद्धीहरुमा सम्पुर्ण जानकारी सहीतको सूचना पाटी (साईन बोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नुपर्ने छ ।

१८. नेपाल सरकारले बिक्रि शुल्क छुटका लागि गरेका निर्णय बाहेक यस आलिताल गाउँपालिका क्षेत्रभित्र भएर बग्ने नदी खोला बाट नदीजन्य पदार्थ उत्खनन/संकलन गरे वापत गाउँपालिकाको नदीजन्य पदार्थ बिक्री शुल्क सबैले तिर्नुपर्नेछ । कसैले गाउँपालिकाको नदीजन्य पदार्थ बिक्री शुल्क तिर्न अटेर गरेमा कानुन अनुसार कारवाही गरिनेछ ।

१९. गाउँपालिकाबाट गरिएको IEE तथा BES प्रतिवेदनमा घाटगद्धी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ उत्खनन/संकलन गर्न पाईने छैन । यसरी घाटगद्धी नतोकिएको स्थानबाट उत्खनन/संकलन गरेको पाइएमा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ ।

२०. आलिताल गाउँपालिकाको कार्यालय संग ठेक्का सम्फौता गरेका ठेकेदारले IEE तथा BES नभएको स्थानबाट ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, भरान संकलन, उत्खनन कसैले गरेको देखेमा सो ढुवानी साधनलाइ नजिकको सुरक्षा निकायको सहयोग लिइ आवश्यक कारबाही गर्नुपर्नेछ।

२१. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिने छ ।

२२. IEE तथा BES प्रतिवेदनका प्रावधानहरुको व्याख्या गर्ने अधिकार आलिताल गाउँपालिकामा सुरक्षित रहनेछ ।

२३. यस सूचनामा उल्लेख भएको बिषय यसै सूचना बमोजिम तथा यस सूचनामा उल्लेख नभएको हकमा प्रचलीत ऐन नियम कानुन र गाउँपालिकाको निर्णय बमोजिम हुने छ ।

२४. बोलपत्र सम्बन्धी विस्तृत जानकारी वा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा थप जानकारीको लागि **आलिताल गाउँपालिकाको कार्यालयमा** सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

CamScanner